

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५५)काठमाडौं,असोज२६गते २०६२साल अतिरिक्ताङ्क४०(ग)

भाग १

शाही सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट

विजया दशमी २०६२ को शुभ-उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश

(२०६२ साल असोज २६ गते)

प्यारा देशवासीहरू,

सत्यको सधैं विजय हुन्छ भन्ने शाश्वत सन्देश स्मरण गराउँदै शान्ति, न्याय र मर्यादाको लागि निरन्तर क्रियाशिल रहन प्रेरणा दिने महान् चाड बडादशैंको शुभ उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहे बसेका नेपालीहरू तथा सम्पूर्ण हिन्दूहरूको सुख, शान्ति र समृद्धिका निमित्त हामी शुभकामना व्यक्त गर्न चाहन्छौं ।

आफ्नो राष्ट्रको समस्या आफैंले समाधान गर्ने, आपसी मनोमालिन्य आपसको छलफलबाटै हटाउने तथा सदा स्वतन्त्र रहेको आफ्नो स्वाभिमानी इतिहासमा गर्व गर्ने नेपालीहरूका लागि राष्ट्रवाद नै एकमात्र मिलन विन्दू हो । वास्तवमा यही नै नेपालीको विशिष्ट पहिचान हो । यसैबाट निर्देशित भै देशलाई अहिलेको अप्ठ्यारो अवस्थाबाट जोगाएर पुर्खाहरूले अविच्छिन्न कायम राखेको राष्ट्रिय स्वाभिमानलाई भविष्यका पुस्ताका लागि पनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।

आत्म विश्वासको आधार बनाउनु पर्दछ । गत आठ महिनामा दृढ निश्चयी देशभक्त जनताको संलग्नतामा कर्तव्यनिष्ठ सुरक्षाकर्मीहरूको प्रयासबाट आतङ्ककारी गतिविधिमा कमी आएको छ, आमजनताले शान्ति सुरक्षाको बढ्दो अनुभव गर्न थालेका छन् । तर जनताको चाहना र देशको आवश्यकता बमोजिम आतङ्कवादबाट देश र प्रजातन्त्रलाई बचाउन सबैले सधैं चनाखो र सक्रिय रहनु आवश्यक छ । स्वच्छ र धाँधली रहित निर्वाचनद्वारा स्थापित जनप्रतिनिधिमूलक संस्थाहरूलाई सक्रिय तुल्याएर मात्रै सार्थक बहुदलीय प्रजातन्त्रको महत्वपूर्ण अभ्यास हुन सक्दछ । त्यसले वालिग नेपालीहरूको सामूहिक विवेकलाई सम्मान गर्न बहुदलीय प्रजातन्त्रमा निष्ठा राख्ने सबैले घोषणा भैसकेको महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूको निर्वाचनमा सहभागी भएर प्रजातन्त्रको हितमा योगदान दिनु पर्छ । अधिराज्यभरिका नगरपालिकाहरूको निर्वाचन सम्पन्न भए पछि स्वभावतः सिर्जना हुने उपयुक्त अवस्थालाई सुदृढ गरी २०६३ साल भित्र प्रतिनिधिसभाको निर्वाचन गराउन निर्वाचन आयोगलाई हामीबाट हुकुम बक्सेका छौं । निर्वाचनको सम्पूर्ण प्रक्रिया मर्यादित, स्वच्छ र धाँधली रहित ढङ्गमा सम्पन्न गराउन प्रजातन्त्रमा निष्ठा राख्ने अन्तर्राष्ट्रिय समुदायलाई पनि सक्रिय सहयोग गर्न हामी आव्हान गर्दछौं ।

बाटो बिराएकाहरूले पनि राष्ट्र र जनताको हितमा समर्पित हुन हत्या हिंसा छोडेर प्रजातान्त्रिक प्रतिस्पर्धाको राजनीतिमा प्रवेश गर्न अब ढिलो गर्नु हुँदैन । जस्तोसुकै मतभेद पनि समझदारीबाट हटाएर राष्ट्रिय अस्मिता रक्षा गर्न सम्मानजनक आधार फेला पार्न सकिन्छ । यसैले देशको आवश्यकता र जनताको चाहना बुझेर इतिहास प्रतिको दायित्व महशुस गरी राष्ट्रिय राजनीतिको मूल प्रवाहमा समाहित हुन सबैलाई ढोका खुला रहेको कुरा पनि हामी स्पष्ट गर्न चाहन्छौं ।

अन्तमा, मातृभूमिको वृहत्तर हित हुने गिगो शान्ति स्थापना भई नेपाली जनताको सुखद र समृद्ध भविष्य सुनिश्चित हुनका लागि राष्ट्रप्रेमी देशभक्त सबै नेपालीहरू एकबद्ध भई नयाँ इतिहास प्रारम्भ गर्न श्री नवदुर्गा भवानीले हामी सबैलाई अभिप्रेरित गरुन् –यही हाम्रो प्रार्थना छ ।

जय नेपाल !

हुकुम बक्सेबमोजिम,
मो.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9202